**काठमाडौं स्कुल अफ ल**
सूर्यविनायक-४, भक्तपुर
फोन : ६६३४४५५,
Website: www.ksl.edu.np

---

# अनुसन्धान अनुदान (**Research Grant**) विनियमावली, २०७७

**१. नाम र प्रारम्भ :**

यो विनियमावलीको नाम अनुसन्धान अनुदान (**Research Grant**) विनियमावली, २०७७ रहनेछ । यो विनियमावली काठमाडौं स्कुल अफ लको प्राध्यापक बैठक (Professors' Meeting) र/वा व्यवस्थापन समिति (Management Committee) ले पारित गरेका मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :**

(क) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा **विनियमावली** भन्नाले **अनुसन्धान अनुदान (Research Grant) विनियमावली, २०७७** बुझिनेछ ।

(ख) अनुसन्धान अनुदान (**Research Grant**) भन्नाले दुई फरक समुहका अनुसन्धान अनुदान अथवा अनुसन्धान गर्नका लागि कलेजको तर्फबाट प्रदान गरिने आर्थिक वृत्तिलाई जनाउने छ । यस्तो अनुदान पुर्णकालिन शिक्षकहरूका लागि रु ५००००|- ( पचास हजार) तथा विद्यार्थीका लागि ३००००|- (तिस हजार) रहेन छ । पछि सहजता अनुसार अनुसन्धान विभागको सिफारिसमा कलेज व्यवस्थापन समितिले उक्त अनुदान वापतको रकम परिवर्तन गर्न सक्नेछ । विद्यार्थीलाई दिईने अनुसन्धान अनुदानमा बिए एलएल.बी.(तृतीय, चौथो र पाचौं वर्ष मात्रका), र एलएल.एम. तहका दुबै वर्षका विद्यार्थीहरू मात्र अनि शिक्षकका लागि दिईने अनुदानमा पुर्णकालिन शिक्षकहरूमात्र सहभागि हुन सक्नेछन् । कलेजबाट वार्षिक रूपमा प्रस्तावना आव्हान गरी प्रतिस्पर्धाको माध्यमबाट अनुदान वितरण गरिनेछ ।

(ग) **वाह्य परीक्षक (External Expert)** भन्नाले शिक्षक तथा विद्यार्थीले अनुसन्धान समापन गरी निर्देशित ढाँचामा बुझाएको अनुसन्धान पतिवेदन अथवा लेख परीक्षण गर्नको लागि कम्तिमा **शोधपत्र ( Dissertation) तयारी, प्रस्तुति तथा मूल्याङ्कन विनियमावली, २०७७ अनुसार** सुपरीवेक्षक हुन योग्यता पुगेको व्यक्तिमध्येबाट अनुसन्धान विभागले तोकको व्यक्तिलाई जनाउनेछ ।

(ङ) **प्रस्तावना (Proposal)** भन्नाले अनुसन्धान अनुदानमा छनौट हुन चाहाने शिक्षक तथा विद्यार्थीले अनुसन्धान गर्न चाहेको विषय तथा क्षेत्रको प्रारम्भिक सार स्वरूप तथा विवरणलाई बुझाउँनेछ । उक्त प्रस्तावनाको संक्षिप्त स्वरूप अनुसन्धान विभागले अनुसन्धान अनुदानको सुचनासँगै प्रकाशन समेत गर्नेछ । प्रस्तावना बुझाउँदा शिक्षक तथा विद्यार्थीले एक्लै अथवा बढिमा ३ जना सम्म रहन सक्ने गरी समुहमा समेत प्रस्तावना बुझाउन सक्नेछन् । विद्यार्थीको हकमा समुहगत रूपमा आउँदा एउटै वर्षमा अध्ययनरत

विद्यार्थीको मात्र समुह बनाउनु पर्नेछ । तर एक्लै पनि अनि समुहमा पनि अथवा सोही व्यक्ति फरक फरक समुहमा रहेर प्रस्तावना बुझाउन भने पाइने छैन । प्रस्तावना आव्हान भएको वर्षबाट अगिल्ला दुई वर्ष मध्धे कुनै एकमा सोही प्रकारको अनुदानमा छनौट भएको व्यक्तिले समेत प्रस्तावना बुझाउन सक्ने छैन । तर पहिले विद्यार्थी भएर अहिले शिक्षक अथवा पहिले शिक्षक भएको भए अहिले विद्यार्थी भएर प्रस्तावना बुझाउन भने पाइनेछ ।

(च) **विश्वविद्यालय** भन्नाले पूर्वाञ्चल विश्वविद्यालयलाई जनाउँनेछ ।

(छ) **स्कुल अथवा कलेज** भन्नाले काठमाडौं स्कुल अफ ल लाई जनाउँनेछ ।

## ३ अनुसन्धान अनुदान प्रस्तावना मुल्याङ्कन तथा छनौट

अ अनुसन्धान विभागले तोकेको ढाँचा तथा समयमा प्राप्त हुन आएका प्रस्तावनाहरूलाई मुल्याङ्कन गर्न अनुसन्धान विभागका सदस्य अथवा विभागले छनौट गरेका अन्य पुर्णकालिन शिक्षकहरू रहेको कम्तिमा दुई सदस्यीय मुल्याङ्कन समिति अनुसन्धान विभागले गठन गर्ने छ ।

आ यसरी मुल्याङ्कन समिति गठन गर्दा शिक्षकहरूका लागि तथा विद्यार्थीहरूका लागि फरक फरक समिति गठन हुनेछन् ।

इ शिक्षकहरूका लागि वितरण हुने अनुसन्धान अनुदान प्रस्तावना छनौट समितिको सवालमा सोही समयमा अनुदानका लागि समेत प्रतिस्पर्धामा रहेका शिक्षकलाई भने मुल्याङ्कन समितिमा छनौट गरिने छैन ।

इ यसरी छनौट भएका समितिलाई अनुसन्धान विभागले मुल्याङ्कन गर्नुपर्ने प्रस्तावनाहरू तथा मुल्याङ्कनको आधार समेत उपलव्ध गराउने छ । मुल्याकन प्रयोजनका लागि पठाउदा प्रस्तावना बुझाउने व्यक्तिको नाम अथवा अन्य परिचय खुलाईने छैन ।

उ विद्यार्थीको प्रस्तावना मुल्याङ्कन गर्दा स्नातक तथा स्नात्तकोत्तरका लाई छुटाछुटै समुहमा मुल्याकंन गरिने छ । दुबै समुहबाट आएका प्रस्तावनाहरूलाई छनौट गरिने छ ।

ऊ मुल्याङ्कन समितिले दिएको मेरिट लिस्टको आधारमा कलेज प्रशासनसँगको छलफलमा अनुसन्धान विभागले कतिवटा अनुसन्धान प्रस्तावनालाई अनुदान पदान गर्ने भन्ने निश्चित गर्नेछ । तर पनि शिक्षक अनि स्नातकोत्तर तथा स्नातक तह गरि हरेक समुहमा कम्तिमा एक प्रस्तावना नघटाई अनुसन्धान अनुदान प्रदान गरिने छ ।

ए तर प्रस्तावना मुल्याङ्कनमा कम्तिमा ५० प्रतिशत पनि अंक प्राप्त नगरेको खण्डमा भने अनुदानका लागि छनौट गरिने छैन ।

ऐ अनुसन्धान अनुदानमा छनौट भएका प्रस्तावकहरूका लागि अन्य सम्झौता तथा कार्यसम्पादन तालिका तथा त्यस्को कार्यन्वयन एवं निरीक्षण अनुसन्धान विभागले गर्नेछ ।

४ अनुसन्धानको प्रतिवेदन अथवा लेखको टंकण (टाइपिंग) शोधपत्र (Dissertation) तयारी, प्रस्तुति तथा मूल्याङ्कन विनियमावली, २०७७ अनुसार नै गर्नुपर्ने छ ।

## ५ अनुसन्धान अनुदान अन्तरगतको मुख्य जिम्मेवारी

अनुसन्धान सम्पन्न भएपछि उक्त अनुसन्धानलाई अनुसन्धान लेखको ढाँचामा तयार गरी एक प्रति अनुसन्धान विभागमा बुझाउनु पर्ने छ । अनुसन्धान विभागले विषय विज्ञताका आधारमा उक्त अनुसन्धान बाहय परक्षिकबाट मुल्याङ्कन गराई आएका सुझावहरू अनुसन्धानकर्तालाई पठाउने छ । उक्त सुझावहरू समेत समेटी अन्तिम अनुसन्धान लेख तयार पारी विभागमा बुझाउनु पर्नेछ । उक्त लेख स्वीकृत भए पश्चात अनुसन्धान अध्ययन प्रतिवेदनमा आवश्यक पर्ने अन्य पक्षहरू (कभर पेज, धन्यवाद ज्ञापन, स्वघोषणा पत्र, छोटकरी रूप, विषय सुची लगायत आवश्यक कुराहरू अथवा लेखमा भन्दा प्रतिवेदनमा आवश्यक पर्ने अन्य केही शिर्षक अथवा उपशिर्षक भए सो समेत) सम्लग्न गरी एक प्रति छुटै प्रतिवेदनसमेत अनुसन्धान विभागमा बुझाए पश्चात अनुसन्धान अनुदानको सम्पुर्ण कार्य समाप्त भएको बुझिने छ । अनुसन्धान लेखको शब्द सिमा भने सर्न्दभसुची वाहेक शिक्षकको हकमा ५ हजार देखी ७ हजार र विद्यार्थीको हकमा भए ४ हजार देखी ५ हजार सम्म हुनु पर्ने छ । प्रतिवेदनमा भने आवश्यकता अनुसार बढाउन सकिने छ ।

६ अनुसन्धान अनुदानमा बुझाएको सामग्रि यसपछि काठमाडौ स्कुल अफ ल को बौद्धिक सम्पतिको रूपमा रहने छ । अनुसन्धान कर्ताले अर्को अध्ययन अथवा अनुसन्धान प्रयोजनार्थ त्यसलाई हुबहु पयोग गर्न सक्ने छैन ।

७ **सन्दर्भ सामग्री सूची (Bibliography) मा** प्रस्तावना तयार गर्दा अध्ययन गरिएको सामग्रीहरूको सूची उल्लेखित हुनुपर्नेछ । यस्तो सूची www.ksl.edu.np मा उल्लेखित KSL Comprehensive Style to Legal Citation, 2077 अनुरूप वर्णानुक्रमानुसार हुनुपर्नेछ ।

**८. संशोधन हुनेः**

यस विनियमावलीमा आवश्यकतानुसार संशोधन गर्नुपर्ने भएमा यस स्कुलको प्राध्यापक बैठक (Professors' Meeting) र/वा व्यवस्थापन समितिले विश्वविद्यालयको निर्णय/निर्देशिकासँग प्रतिकूल नहुने गरी आवश्यक संशोधन गर्नसक्नेछ ।

**९. बचाउः**

यस विनियमावलीमा जेसुकै लेखिएको भए तापनि पूर्वाञ्चल विश्वविद्यालयको अनुसन्धान अनुदान कार्यविधिसम्बन्धी छुट्टै विनियम तथा कार्यविधि भएमा सोही बमोजिम हुनेछ ।

१० यस विनियमावलीमा प्रस्टसँग व्याख्या हुन नसकेको कुनै विषयको वोध भएमा त्यसको निराकरण **शोधपत्र (Dissertation) तयारी, प्रस्तुति तथा मूल्याङ्कन विनियमावली, २०७७ अनुसार अथवा** www.ksl.edu.np मा उल्लेखित " KSL Comprehensive Style to Legal Citation, 2077 मा उल्लेख भएको खण्डमा उक्त हदसम्म सोही अनुसार हुने र त्यहाँ पनि कुनै निश्चित प्रावधान नवताईएको अवस्थामा आवश्यकताको आधारमा पछि निर्णय गरिए बमोजिम हुनेछ ।